# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : १ अङ्क : १२ असार, २०७२


**मस्यौदा संविधानमा परिमार्जनको प्रस्ताव :**

संविधानको प्रारम्भिक मस्यौदामाथि राष्ट्रिय भूमि अधिकार मञ्चले परिमार्जनको प्रस्ताव गरेको छ । यस्तो प्रस्ताव संविधासभा सदस्य, सभाध्यक्ष, संविधानका मस्यौदाकार र दलका नेताहरूलाई बुझाईएको हो। विभिन्न जिल्लामा भएका छलफलमा मञ्चका सदस्यहरूले आफ्ना सुझाव पनि दिएका छन् ।

मञ्चको सुझाव

भूमिको अन्तिम र वास्तविक स्वामित्व राज्यसँग हुनुपर्ने । कृषियोग्य भूमिमा किसान (महिला/पुरुष) को अधिकार सुनिश्चित गर्नुपर्ने । गुठी सञ्चालनका लागि कृषियोग्य जग्गा राखिएको भए सो जग्गाको प्रभावकारी उपयोग र उत्पादन वृद्दिका लागि किसानको हक कायम गर्नुपर्ने । भूमि नभएकालाई विकल्प नदिई बसिरहेको स्थानबाट हटाउन नपाउने । भूमिमा वास्तविक मोहीको हक स्थापीत हुनेगरी दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्नुपर्ने । विदेशी नागरिक वा बहुराष्ट्रिय कम्पनीहरूले जग्गाको स्वामित्व नपाउने व्यवस्था गर्नुपर्ने ।



**नीतिगत सुझावहरू**

| कसलाई | के विषयमा ? |
|---|---|
| भूमिसुधार तथा व्यवस्था मन्त्रालय | विर्ता नियमावली संशोधनका विषयहरू<br>भुकम्पप्रभावित समुदायको लागि गर्नुपर्ने व्यवस्था |
| कृषि तथा जलस्रोत समिति, व्यवस्थापिका संसद | कृषि तथा भूमिसुधार मन्त्रालयका कार्यक्रम सम्बन्धमा |
| अध्यक्ष, भूकम्प राहत एवं पुर्नस्थापना अनुगमन समिति | कृषियोग्य जग्गा संरक्षण विषयमा |

भुकम्पबाट प्रभावितलाई घर बनाउनको लागि बैंकमार्फत दिने भनिएको ऋण सुविधा धितोको अभावमा भूमिहिन, मोही, विर्ता र गुठीका जग्गा कमाउने किसानले (अन्य विशेष व्यवस्था नहुँदासम्म) नपाउने अवस्था भएकाले यस्ता परिवारका लागि राज्यले नै सुरक्षित स्थानमा जग्गा सहित विशेष आवास योजना लागु गरी घर बनाउन सहयोग गरिनुपर्दछ ।

एकिकृत बस्ती विकास गर्दा केही देशमा कृषियोग्य जग्गाको नोक्सानी भई खाद्यसंकट बढेको अनुभवलाई ध्यानमा राखी वस्ती बसाल्दा विकल्प हुँदासम्म कृषियोग्य जग्गा उपयोगमा नल्याउने निती लिईनुपर्दछ।

**संयुक्त पुर्जा बनाउने थपिए**



असार महिनामा १२७ किसान जोडीले संयुक्त पुर्जा बनाएका छन् । उनीहरूले करिव २०.९७ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका हुन् । यसरी पुर्जा बनाउनेहरू नुवाकोटमा ६६, सुनसरीमा १५, सप्तरीमा १३, कैलालीमा १२, कञ्चनपुरमा १०, बाँकेमा ४, दाङमा ३ र पाल्पामा २ जोडी छन् ।

## अधिकार दावीमा मञ्चको प्रयास

भूमि अधिकार मञ्च, सुनसरीको पहलमा गाउँ मञ्चमा सङ्गठित ४ परिवार किसानले १ बिघा १० कट्ठा १८ धुर जग्गा बेदखली वापतको क्षतिपूर्ति लिएका छन् । कैलालीको अत्तरिया नगरपालिकाको गेटा गाउँमा बसोबास गर्दै आएका १६ परिवारले नगरपालिकाबाट सिफारिस लिई मालपोत कार्यालयमा श्रेष्ता कायम गराउन निवेदन पेश गरेका छन् । सप्तरीको मधुपट्टी गाविस वडा नं. ३ का फूलाई रामले आफूले वर्षौदेखि जोतभोग जमिनमा मोही हकको लागि सर्वोच्चमा निवेदन गरेका छन् । फूलाईले २ क, कित्ता न. १४१ को ३ बिघा १७ बिघा जोतखन गर्दै आएको वर्षौ वित्यो तर मोही हक पाउन सकेका छैनन् । सिरहाको सुखवा नन्कारकट्टीका १३ परिवार भूमिहीनलाई जवरजस्ती उठिबास गराउन खोजिएपछि जिल्ला भूमि अधिकार मञ्चको पहलमा मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय, र जिल्ला प्रशासन कार्यालयमा पनि निवेदन पेश गरिसकेको छ ।

## जग्गा नहुने पनि किसान हुन्छन्

सरकारले वितरण गरिरहेको किसान परिचय पत्र आफ्नै जग्गा नभई अरुको जग्गामा काम गर्ने भूमिहिन किसानले पनि पाउनु पर्ने माग गरेका छन् । परिचय पत्र दिँदा महिला किसानको प्राथमिकतामा राख्न सुझाएका छन् । जिल्ला भूमि अधिकार मञ्चले वारा, वाग्लुङ र धनकुटामा छलफल आयोजना गरी साना, भूमिहीन र महिला किसानहरूले आफूहरूलाई राज्यले उपेक्षा गरेको गुनासो गरेका छन् ।

## भू-उपयोग नीतिबारे छलफल

जिल्ला भूमि अधिकार मञ्च, रसुवाले भू-उपयोग नीतिबारे छलफल थालेको छ । पुर्ननिर्माणसँगै भूउपयोग जोडिएर आउने भएकाले मञ्चले छलफल शुरु गरेको हो । लहरेपौवा, धैबुङ र भोर्लेका गाविस सचिव र राजनीतिक दलका प्रतिनिधिहरू र किसानहरूसहित ४१ जना सहभागी थिए ।

## सामाजिक लेखाजोखा भयो

दाङ र रसुवा जिल्ला भूमि अधिकार मञ्चले वार्षिक योजना, क्रियाकलपा तथा बजेटको उपयोगिताबारे सामाजिक लेखाजोखामार्फत सार्वजनिक गरेका छन् । लेखाजोखामा प्राप्त सुझावलाई समेटेर अघि बढ्ने मञ्चहरुको प्रतिवद्दता छ ।

## भूमिघर बन्यो

जिल्ला भूमि अधिकार मञ्च कैलालीको पहलमा सेहरीमा भूमिघर निर्माण भएको छ । भूमिघर निर्माणको लागि २ लाख ६ हजार ९ सय ८० रूपियाँ खर्च भएको छ । यसको लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट १ लाख रूपियाँ र बाँकी १ लाख ६ हजार ९ सय ८० रुपियाँ स्थानीय सङ्गठनले जनश्रमदानबाट जुटाई भूमि घर निर्माण कार्य गरेका छन् ।

## वन र भूमिहीनको सहसम्बन्धबारे छलफल

एशियाली किसान सङ्गठनको सहयोग र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सहजीकरणमा वन नजिक रहेका किसान तथा उत्पादक समूहहरूको अवसर, समस्या र चुनौती विषयक गाँउ तथा जिल्लास्तरीय छलफलहरू भए । नवलपरासी तथा बारा जिल्लाका विभिन्न ६ गाँउ मञ्चमा र दुवै जिल्लामा जिल्ला स्तरीय छलफल गरिएको छ । सामुदायिक वन र कृषिको सहसम्बन्धमा भूमिहीन किसानहरूले आफूले भोग्दै आएका समस्याहरूबारे छलफल गर्दै त्यसको समाधानका उपायहरू खोजिएको थियो ।



## वार्षिक समीक्षा भयो



असार १९ र २० मा भूमि अध्ययनघर ठिमुरा चितवनमा भएको वार्षिक समीक्षामा १९ महिला र २१ पुरुष गरी ४२ जना सहभागी भए । समीक्षामा गत साउन २०७१ देखि असार २०७२ सम्म सञ्चालन भएका गतिविधि, यसबाट प्राप्त उपलब्धी, उपलब्धी प्राप्त गर्न अपनाइएका प्रक्रिया तथा चरणहरू, अभियान सञ्चालनका क्रममा आएका चुनौती र त्यसलाई समाधान गर्न अपनाइएका अभ्यासबारे छलफल भयो । साथै आगामी तीन महिनाको योजना सामूहिक छलफल गरी निर्माण गरिएको छ ।



## ४३० अस्थायी घर बनाउन सहयोग

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र वर्ल्ड जिविस रिलिफको सहकार्यमा रसुवा जिल्लामा भूमि अधिकार मञ्चमार्फत लहरेपौवा, धैबुङ र भोर्ले गाविसमा ४३० अस्थायी घर निर्माण कार्य सकिएको छ । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यहरू जो भुकम्पबाट प्रभावित भएका थिए, उनीहरूको लागि अस्थायी आवास निर्माण गर्न प्रति परिवार डेढ बण्डल जस्तापाता, १ केजी तार, डेढ केजी किलाकाँटी, हम्मर र हाते सहयोग गरिएको थियो ।

## किसानलाई सहयोग

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केयर नेपालको सहकार्यमा सिन्धुपाल्चोकको दुवाचौर, बाँसखर्क, भोताङ र बरुवा गाविसका ३ हजार ५ सय ४५ परिवारलाई ७ हजार ९० वटा सुपरग्रीन व्याग र तरकारीको विउ उपलब्ध गराईएको छ । जिल्ला भूमि अधिकार मञ्च, नुवकोटको सहकार्यमा ८ गाविसका २१ गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ३ सय ४६ परिवार भुकम्प प्रभावित सदस्यहरूलाई एक/एक थान ब्लाङ्केट प्राप्त गरेका छन् ।



## पुनर्निर्माणको लागि नगद सहयोग

पुनर्निर्माणको लागि सामुदायिक अभियानअर्न्तगत सिन्धुपाल्चोकको किउल गाविस वडा नं ५, ६, ७, ८ र ९ मा अस्थाई आवास निर्माण कार्य सम्पन्न गरेका ४१६ परिवारलाई १५ हजार रूपियाँका दरले ६२ लाख ४० हजार रूपियाँ वितरण गरियो । उक्त रकम चेकमार्फत भुक्तानी गरिएको थियो । सहयोग रकमले भुकम्प प्रभावितहरूले अस्थाई आवास निर्माणमा श्रम कार्यमा खर्च गरेका छन् । एक्सनएड नेपालको सहयोगमा आत्मनिर्भर केन्द्रले कार्य गरिरहेको छ ।


भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल (NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC
आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org